CultureTalk Nepal Video Transcripts: http://langmedia.fivecolleges.edu

# Limited Resources

**Nepali transcript:**

विद्यालय संचालक: त्यसको लागि हाम्रो चाहिँ विद्यालयको तर्फबाट हामीले यहाँ[1]हरू जस्तै विभिन्न संघ-संस्था, NGO, INGOहरूलाई व्यक्तिगत रुपमा ....विभिन्न व्यक्तिहरूलाई सम्पर्क गरेर ...वहाँ[2]हरूसँग सहयोग लिएर, अहिले हामीले….अघि विद्यार्थीहरूले पनि भने, मिसहरूले पनि भन्नुभयो, केही शैक्षिक सामग्री हामीले विद्यालयबाट व्यवस्थापन गरेका छौँ भनेर भन्नुभएको थियो। त्यो सबै विद्यालयमा कुनै शिक्षा कार्यालयबाट कोष आउने होइन। हामीले यस्तै विभिन्न संघसंस्था, व्यक्तिहरूसँग सहयोग मागेर, पटक-पटक चाहिँ त्यस्ता सामग्रीहरू जुटाइदिने गरेका छौँ , र त्यो चाहिँ पर्याप्त छैन जसले गर्दा जुन, अब, स्थरमा, निजी विद्यालयहरूमा पढ्न जाने विद्यार्थीहरूसँग अहिले competition गर्नुपर्ने जमानामा, त्यो स्थरको शिक्षा हामीले यहाँ दिनसकिराखेका छैनौँ। यसको लागि यहाँहरू जस्तै संघ-संस्थाहरूलाई हामीले ठाउँ-ठाउँमा अनुरोध गर्ने गरेका छौँ, र यहाँलाई पनि हामी के भन्न चाहन्छौँ ने, विद्यार्थीको स्थर वृद्धिको लागि मुख्य चाहिने भनेकै शैक्षिक सामग्री हो। उनीहरूको पढ्नलाई प्रयोग हुने सामग्रीहरू, जस्तै अब हामीले अहिले audio-visualको माध्यमबाट पनि पढाउनुपर्छ। त्यसले पनि विद्यार्थीको रुची बढ्छ। त्यसले गर्दा अझ गुणस्थर बढ्छ भन्ने किसिमको सोच राखेर, त्यो पनि आवश्यक छ भन्ने कुरा गरेका छौँ। त्यो उपलब्ध हामीसित छैन। त्यसको पनि आवश्यकता छ विद्यालयमा, र हामीले, अहिले बल्ल यो बालविकास समाज[3]सँग आबद्द रहेर चार-पाँचवटा computer प्राप्त गरेका छौँ। त्यसको लागि चाहिँ हामीलाई अलिकता सजिलो भएको छ , र त्यो पनि अझ भन्नुपर्दा ...यहाँ चाहिँ computer शिक्षा दिने भनेर हामीले राखेक छौँ। त्यसको लागि अझ बढी विद्यार्थीलाई चाहिँ सक्रिय गराउनको लागि ...त्यसलाई अझ बढी चाहिँ , जस्तै अब यो printer भएदेखि अथवा चाहिँ त्यो scanner machine भएदेखि, अझ

---

[1] Formal way of saying ‘you’
[2] Formal way of saying ‘you’
[3] Child Development Society is an organization

चाहिँ त्यो शैक्षिक सामग्री बनाउन, अथवा त्यो शिक्षन-शिक्षा (….) गर्नको लागि अझ बढी चाहिँ सक्रिय … सहयोग हुन्थ्यो भन्ने चाहिँ हामीले सोचेका छौँ। त्यसको पनि आवश्यकता हामीसित महजुत[4] छ।

अनि त्यसैगरि, अब हामीले चाहिँ यहाँ Room To Readको library छ यहाँ, Room To Readले सहयोग गरेर झन्डै एक हजार चानचुन[5] किताबहरू हामीसित छन्। त्यसको पनि हामीले दैनिक रुपमा कक्षागत … प्रत्येक दिनमा चाहिँ एउटा कक्षा खालि नहुने गरि ….त्यो library लगेर त्यहाँ भएका किताबहरू चाहिँ, विषयसँग सम्बन्धीत, किताबहरूलाई पालै पालो अध्ययन गर्न दिने व्यवस्था मिलाएका छौँ। त्यसको लागि छुट्टै librarianको व्यवस्था चाहिँ छैन। हामीले यहीँ भएका साथीहरूमध्य-बाट चाहिँ पालो मिलाएर हेर्ने व्यवस्था गरेका छौँ। त्यो पनि एउटा आवश्यकता हामीसित छ।

त्यसैगरि विद्यालयमा, जुन अहिले बनेको भवनको माथिल्लो तल्लतिर राम्रो पनि भएको छैन। विद्यालयमा घेरा-wall छैन। विद्यार्थीहरू कुनै पनि बेला बाहिर निस्केर चाहिँ …विद्यालयभन्दा बाहिर निस्केर जहाँ भने जाने सक्ने अवस्था छ, र अन्य व्यक्तिहरू बाहिर …विद्यालयसँग सम्बन्धीत नभएका व्यक्तिहरू विद्यालयमा फुत्त[6] पस्नसक्ने ….असुरक्षाको जस्तो वातावरण छ, जसले गर्दाखेरि चाहिँ यदि कहिँबाट सम्भव भयो भनेदेखि घेरा-wall लगाउन सकियो भने देखि त्यो …जुन असुरक्षाको वातावरण हो, त्यो हट्ने थियो भन्ने हामीले सोचेका छौँ। त्यस्तै …हाम्रो यहाँ मुख्य आवश्यकता भनेको एउटा छात्रा सौचालय छैन यहाँ …commonly सौचालय छ। त्यसले गर्दा अनि अलि ठूला छात्राहरूलाई चाहिँ अलिकता अड्को महसुस भएको हामीले अनुभव गरेका छौँ। त्यो पनि एउटा आवश्यता छ, र यहाँ चाहिँ, अलि अब शिक्षालाई …शैक्षिक रुपमा हेर्दारि, अब अहिलेको नेपालको परिभेषमा …अँग्रेजी मध्यमबाट जानुपर्छ भन्ने सोचाइ छ, र अभिभावकको रुची पनि त्यस्तै छ, बच्चाहरूको चाहना पनि त्यस्तै छ। त्यसको लागि हामीसँग भएका शिक्षकहरूबाट त्यो

[4] Not a Nepali word. It is a Hindi word which means ‘to exist.’
[5] A word that follows a number if there is a need to approximate.
[6] A word used to denote the way some action is done.

सबै विषयमा अँग्रेजी मध्यमबाट जान चाहिँ अलि गाह्रो भएको हुनाले एकजना, दुईजना, अलि राम्रो अँग्रेजी teacher भएदेखि अझ चाहिँ यहाँ भएकोभन्दा अझ बढी सुधार हुन्थ्यो भन्ने चाहिँ हामीले सोचेका छौँ।

सनिता: त्यो….अँग्रेजी teacherको लागि चाहिँ होइन, हाम्रो अब बाहिर Americaबाट चाहिँ कतिपय विद्यार्थीहरू चाहिँ छुट्टीहरूमा आएर ...अब यस्तै नेपाल जस्तो गरिब राष्ट्रहरूमा गएर पढाउने गर्छन् होइन, त्यस्तो ....

विद्यालय संचालक: त्यस्तो स्वयंसेवक शिक्षकहरू पनि आएर गरिदियो भने त्यसले पनि ...volunteer शिक्षकहरूले ....धेरै राहत हुन्थ्यो।

सनिता: अहिलेसम्म तपाईं[7]हरूको आएको चाहिँ छैन?

विद्यालय संचालक: हामीकहाँ छैन।

**English translation:**

School Principal: For that, we, like, from the school, we have, like yourself, different organizations, NGO, INGOs, in personal form… by contacting different people… by taking their support, now, we have… like the students said before, even the female teachers said it, we have arranged some educational items, this was said by them. None of that came from any education organization. We, by asking support from different organizations, from time to time, like, have arranged all those things, and that is not sufficient, due to which, now, level-wise, in a time when there is a need to be in competition with students studying in private schools, we haven't been able to provide that level of education. For that, we have requested different organizations, like you, and what we would like to say to you too is what we need for the development of our students is educational equipment. For them, the equipment used to study, like, now, we, now, need to teach through the medium of audio-visual. That also increases the interest of students. By thinking that, that increases the quality even more, even that is needed is what we have talked about. That is not available to us. There is a need for that in school, and we, just now, by being in debt with the Child Development Society, have got four to five computers. For that, it has been a bit easy for us, and that too, if we need to say it… here, like, to give computer education, we have established it. For that, to

[7] Formal way of saying 'you'

make even more students active…to that, even more, like, now, if there was a printer or like, if there was a scanner machine, even, like, to make the educational equipment, or to […] education, even more active… it would support, is what we have thought. There is also a need for that, which exists with us.

And then, in the same way, now, we have the library of Room To Read, here, by the support of Room To Read, we have around one thousand and some books with us. That too, we, on a daily basis, class-wise… every day, like, in a way such that one class isn't empty, by taking [students] to that library, the books there, course-related books, turn-wise, to study them, [we have] arranged a way. For that, there isn't an arrangement of a separate librarian. We have, by taking turns between the friends we have here, arranged a way to look after it. That too is one necessity with us.

In that way, in the school, the top floor of the building that was made now is not even proper. There is no fence in the school. Students can, at any time, get out, like… by getting out of the school, there is a situation where [they] can go anywhere, and other people outside… people who have no relations with the school, can get inside the school… there is an unsafe environment, because of which, like, if possible from somewhere, if it was possible to put up a fence, that… that unsafe environment, that would be set aside, is what we have thought. Like that… our, here, main necessity is, there is no women's restroom here… there is [only] a common restroom. Because of this, there is slight discomfort that is felt by the older female students, is what we have felt. That too, is a necessity, and here, like, now, to education, a little… looking through an educational way, now, in the context of current Nepal… there is recognition of teaching in the medium of English, and even the interest of the guardians is the same, the wish of the students is also the same. Since, for that, from the teachers we have here, that, to go in English medium in all subjects is a bit difficult, if there were one, two teachers with good English, here, there would be more improvement than there is, that's what we have thought.

Sanita: That… for the English teachers, *hoina*[8], our, now, from outside… from America, like, some students, like, by coming during their holidays… now, teach by going to poor countries like Nepal, *hoina*, like that…

School Principal: Even if that kind of volunteer teacher came that would too… the volunteer teachers… there would be a lot of relief.

---

[8] The direct translation of *hoina* is 'no.' In this context, it is used to make sure that the person is following the story and to confirm something. For example, in English, the word 'Right?' is used to confirm something.

Sanita: Till now, they haven’t, like, come here?

School Principal: We don’t have them.

**About CultureTalk:** CultureTalk is produced by the Five College Center for the Study of World Languages and housed on the LangMedia Website. The project provides students of language and culture with samples of people talking about their lives in the languages they use every day. The participants in CultureTalk interviews and discussions are of many different ages and walks of life. They are free to express themselves as they wish. The ideas and opinions presented here are those of the participants. Inclusion in CultureTalk does not represent endorsement of these ideas or opinions by the Five College Center for the Study of World Languages, Five Colleges, Incorporated, or any of its member institutions: Amherst College, Hampshire College, Mount Holyoke College, Smith College and the University of Massachusetts at Amherst.

© 2013 Five College Center for the Study of World Languages and Five Colleges, Incorporated